आज मिति २०८१ साल भदौ महिनाको ९ गते आईतबारको दिन बिहान ११:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आ.व.०८१/०८२ को दोस्रो कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

## उपस्थिती

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री प्रचण्ड मान सिहँ बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शैलेश मान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री योस कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री इश्वरी खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | भानु |
| १४. | कार्यपालिका सदस्य श्री प्रकाश विसुंखे | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौड्याल | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट के.सी. | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री रोशन ज्ञवाली | सचिव | |

CamScanner

मिति २०८१/०५/०९ गते आ.ब.०८१/०८२ को नगर कार्यपालिकाको दोस्रो कार्यपालिका बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | आय ठेक्का सम्वन्धमा । | • यस नगरपालिका क्षेत्र भित्र ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवा र माटो लगायतको प्राकृतिक स्रोतहरुको बिक्रि/संकलन शुल्क/दस्तुर आन्तरिक आय संकलन सम्बन्धी बोलपत्रको सार्वजनिक सूचना मिति २०८१/०३/१८ मा प्रकाशित भई रित पूर्वक एउटा मात्र योग्यता पुगेको बोलपत्रदाताबाट ठेक्का आवेदन प्राप्त भएको हुदाँ सो सम्बन्धमा सात दिने आशयको सूचना प्रकाशन गर्ने । |
| २. | विविध । | • यस नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख वरिष्ठ लेखा अधिकृत अध्ययन बिदामा रहनु भएको हुदाँ अर्को व्यवस्था नहुदाँ सम्म यस नगरपालिकाको वरिष्ठ लेखा सहायक उषा कुमारी पाण्डेयबाट खाता सञ्चालन गर्ने ।<br>• बागमती प्रदेश सरकार समपुरक अनुदान अन्तर्गत सञ्चालित देहायका ठेक्काहरुको म्याद थप नगर्ने ।<br>क) मनकामना मोटर बाटो स्तरउन्नती कृषी सडक (**DM/NCB/WORKS/2079-080/18**)<br>ख) समुदायको लागि डोल्लु खानेपानी आयोजना (**DM/NCB/WORKS/2080-081/02**)<br>साथै समुदायको लागि डोल्लु खानेपानी आयोजनाको बाँकी निर्माण कार्य सम्पन्न गर्नको लागि लाग्ने लागत अनुमान तयार गरी आगामी बैठकमा पेश गर्ने ।<br>• काठमाडौं महानगरपालिका कृषि तथा पशुपंक्षी विभागले प्रकाशन गरेको काठमाडौं महानगरपालिकाको स्वर्णिम योजना एग्रो पुलिङ्ग कार्यान्वयन सम्बन्धी सूचना अनुसार उक्त योजनामा आवद्ध हुनको लागि प्रस्ताव पेश गर्ने । |

CamScanner